

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ३२८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ पुस ४ गते बिहीबार ❑ 19 Dec. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## व्यवस्थापिकाको भूमिका प्रभावकारी बनाउनुपर्नेमा सभामुखको जोड

पोखरापत्र संवाददाता
पोखरा ३ पुस

सभामुख देवराज घिमिरेले व्यवस्थापिकाको भूमिका प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभएको छ।

यहाँ सम्पन्न १०औं अन्तरव्यवस्थापिका सम्मेलनबारे जानकारी दिन बुधबार यहाँ आयोजित पत्रकार सम्मेलनमा उहाँले संसद्को काम प्रभावकारी भए सरकारको काम पनि प्रभावकारी हुने बताउनुभयो।



सातबुँदे घोषणापत्र जारी गर्दै सम्पन्न सम्मेलनमा व्यवस्थापिकाको सक्रियता बढाउन महत्वपूर्ण छलफल गरिएको जानकारी दिँदै सभामुख घिमिरेले सङ्घीयता एवं संविधान कार्यान्वयनलाई तीव्रता दिन सङ्घ, प्रदेश र स्थानीय तहको साझा सूची निर्माण गरिने बताउनुभयो । सरकारसँग परामर्श गरी सङ्घ र प्रदेशसभासँग सम्बन्धित ऐन तथा नियम बनाउने जानकारी उहाँले दिनुभयो । सङ्घीयता कार्यान्वयनसँग सम्बन्धित ऐनकानुन निर्माणमा ढिलाइ गर्न नहुने बताउँदै उहाँले संसद्को आगामी अधिवेशनले ती कानुन पारित गर्ने विश्वास व्यक्त गर्नुभयो । राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले सङ्घीयतालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न बनाउन आवश्यक कानुनी व्यवस्था गर्न सङ्घीय संसद् प्रतिबद्ध रहेको बताउनुभयो।

सम्मेलनमा प्रतिनिधिसभा, राष्ट्रियसभासँगै सातै प्रदेशका सभामुख, उपसभामुख, सचिवलगायत सहभागी हुनुहुन्थ्यो।

## पोखरामा फेवा संवाद हुने

पोखरापत्र संवाददाता
पोखरा ३ पुस

दक्षिण तथा दक्षिणपूर्वी एसियाली मुलुकहरुको सहकार्यलाई थप प्रगाढ बनाउने, अन्तर आवद्धतालाई अवसरमा रुपान्तरण गर्ने, प्रविधि र विकासको साझेदारी अभिवृद्धि गर्ने उद्देश्यले पोखरामा बिहीबारदेखि फेवा संवाद (डाईलक) सुरु हुने भएको छ।




त्रिभुवन विश्व विद्यालय र चीनको सिचुआन विश्वविद्यालयको संयुक्त आयोजनामा पोखराको पोखरा इभेन्ट सेन्टरमा शुक्रबारसम्म उक्त कार्यक्रम संचालन हुने भएको बुधबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो । फेवा संवाद मार्फत विश्वका प्रभावशाली मुलुकसँग सहकार्य गरी 'समृद्ध नेपाल सुखी नेपाली' को राष्ट्रिय आंकाक्षामा महत्वपूर्ण योगदान हुने अपेक्षा गरिएको त्रिभुवन विश्व बिद्यालयका डा.रेक्टर खड्का केसीले बताउनुभयो । उक्त कार्यक्रममा विषय विज्ञता र अनुभव साटासाट गर्ने र भविष्यमा हुन सक्ने आर्थिक, सामाजिक र शैक्षिक सहकार्यहरुमा केन्द्रीय हुने उहाँले जनाउनुभयो । उक्त कार्यक्रममा चीनका ३०, नेपालबाट २०, भारत, पाकिस्तान, श्रीलंका र बंगलादेशबाट ३/ ३ जना, भुटान, मलेसिया, सिंगापुर, इण्डोनेसिया लगायतका देशवाट सहभागी हुने कार्यक्रम तय गरिएको डा.रेक्टर केसीले जनाउनु भयो। सम्मेलनमा शिक्षा विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराई, पूर्वमन्त्रीहरु कमल थापा, डा. युवराज खतिवडा, प्रदिपकुमार ज्ञवाली, डा. प्रकाशशरण महत लगायत प्रतिष्ठित राजनीतिज्ञहरु, राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्षहरु डा. दिपेन्द्र बहादुर क्षेत्री डा. गोविन्दराज पोखरेल, डा. विश्व पौडेल, पूर्वराजदुतहरु, विश्वविद्यालयका प्राध्यापकहरु, लगायतका विज्ञहरुको सहभागिता हुने भएको छ।

पत्रकार सम्मेलनमा चीनको सिचुवान विश्वविद्यालय अन्तर्गतको चाइना सेन्टर फर साउथ एसियन स्टडिजमा नेपाल अध्ययन केन्द्रका उपनिर्देशक डा.गाओ लियाङले पर्यटनको राजधानि र विश्वकै चर्चीत शहर र फेवातालमा उक्त कार्यक्रम त्रिभुवन विश्व विद्यालयसंग सहकार्य गरी गर्न पाउदा निकै खुसि लागेको बताउनुभयो । दक्षिण तथा दक्षिणपूर्वी एसियाली मुलुकहरुको बिकास र समृद्धिको बारेमा आम जनतालाई बुझाउने उक्त कार्यक्रम राम्रो प्लेट फम हुने उहाँको दाबी गर्नुभयो । उक्त कार्यक्रमको उद्घाटन भने विहिबार बिहान पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले गर्नुहुने भएको छ। नेपालको ७६ वटा जिल्लामा विस्तारित त्रिभुवन विश्वविद्यालयले विश्वका करिव १८२ वटा विश्वविद्यालयहरुसँग शैक्षिक, प्राज्ञिक एवम् अनुसन्धानात्मक सहकार्य गर्दै आइरहेको छ। उच्च शिक्षामा मार्फत देशलाई आवश्यक दक्ष जनशक्ति उत्पादनमा जिम्मेवारपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको यस विश्वविद्यालयले आफ्ना निकटतम मित्र राष्ट्रहरुका विश्वविद्यालय तथा उच्च शिक्षा प्रदायक संस्थानहरुसँगको सहकार्यलाई विशेष प्राथमिकता

बाँकी अन्तिम पृष्ठमा ▶▶

## खेलकुद शिक्षासँगै विद्यार्थीको बहुआयामिक विकासमा गण्डकी विश्वविद्यालयको भूमिका प्रशंसनिय : मन्त्री थापा

पोखरापत्र संवाददाता
पोखरा ३ पुस

गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले खेलकुद शिक्षासँगै विद्यार्थीहरुको बहुआयामिक विकासमा गण्डकी विश्वविद्यालयको भूमिकाको प्रशंसा गरेका छन्।

गण्डकी विश्वविद्यालयद्वारा पोखरा रंगशालामा आयोजित दोस्रो संस्करणको कुलपति रनिङ्ग शिल्ड माविस्तरीय छात्र फुटबल प्रतियोगिताको बुधबार समापन कार्यक्रममा बोल्दै उनले यस प्रकारको प्रतियोगिताले खेलाडी उत्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताए । विश्वविद्यालयले खेलकुदको शिक्षा संगै विद्यार्थीहरुको बहुआयामिक विकासमा समेत उत्तिकै भूमिका खेलेको बताउँदै मन्त्री थापाले भने-"प्रदेश सरकारले आफ्नै विश्वविद्यालय स्थापना हुनु पर्छ भनेर नै विश्वविद्यालय स्थापना भएको हो । शिक्षाको क्षेत्रमा सरकारको प्रत्यक्ष सहयोग पुर्याउने उद्देश्य स्वरुप अगाडि बढिरहेका छौं।"




पोखरा आफैमा पर्यटकिय संगै खेलकुदको गन्तव्य रहेको जनाउँदै मन्त्री थापाले विश्वविद्यालयले खेलकुदको पाठ्यक्रमलाई जोडेर खेलकुद कार्यक्रम आयोजना गर्नु खुसीको विषय रहेको बताए । उनले खेलकुदले विद्यार्थीहरुको स्वस्थ मनोभावना जागृत गर्न समेत भूमिका रहने उल्लेख गरे।

दोस्रो संस्करणको कुलपति रनिङ्ग शिल्ड माविस्तरीय छात्र फुटबल प्रतियोगिताको उपाधि पोखरा १४ स्थित शहिद स्मृति माविले जितेको छ । फाइनल खेलमा स्टेप वाई स्टेप माविलाई टाइब्रेकरमा ४-२ गोल अन्तरले पराजित गर्दै उपाधि जितेको हो। उपाधि संगै शहिद स्मृतिले नगद १ लाखका साथमा रनिङ शिल्ड उचालेको छ भने उपविजेता बन्न सफल स्टेप वाई स्टेपले नगद रु ५० हजार प्राप्त गरेको छ। एक साता सम्म सञ्चालन भएको प्रतियोगिताको उत्कृष्ट खेलाडी शहिद स्मृतिका गोल रक्षक केश बहादुर रोक्का मगर बनेका छन् । उनले ट्रफीसहित नगद १५ हजार प्राप्त गरे।

यस अघि ४०-४० मिनेट खेलाइएको रोमाञ्चपूर्ण खेलमा शहिद स्मृति र स्टेप वाई स्टेपले २-२ गोल गरे पछि खेल अतिरिक्त समयमा धकेलिएको थियो । १०-१० मिनेट थप गरिएको खेलमा समेत गोल हुन नसके पछि खेल टाइब्रेकरमा धकेलिएको थियो।

निर्धारित समयको सातौं मिनेटमा सरुन सुनारले गोल गर्दै शहिद स्मृतिका लागि गोलको खाता खोले पनि २७ औं मिनेटमा स्टेपवाई स्टेपका लागि निराजन मगरले गोल गर्दै बरावरी गरे। शहिदस्मृतीका लागि केश बहादुर रोक्का मगरले ४७औं मिनेटमा गोल गर्दै पुनः टिमलाई २-१ ले अग्रता दिए। खेलको ६१ औं मिनेटमा स्टेप वाई स्टेपका अवन राना दोहोरो ऐलो कार्ड खाँदै मैदानबाट बाहिरिए। १० जना खेलाडीमा खुम्चिएको स्टेपबाई स्टेपले दोस्रो हाफको इन्जुरी समयमा किपरको गल्तीको फाइदा उठाउँदै जवाफी गोल फर्कायो । टिमका लागि कुन्ज पौडेलले गोल गरे।

गण्डकी विश्वविद्यालयका कुलपति गणेशमान गुरुङको अध्यक्षतामा भएको समापन कार्यक्रममा विश्वविद्यालय उपकुलपति प्रा. डा. नवराज देवकोटाले समेत आफ्ना भनाई राखेका थिए । प्रतियोगितामा बिजेता टिम तथा खेलाडीहरुलाई कुलपति प्रा. डा. गुरुङ, उपकुलपति प्रा. डा देवकोटा, विश्वविद्यालयका रजिस्टार डा.कैलाश तिमिल्सिना, प्रदेश खेलकुद परिषदका उपाध्यक्ष धोज कुमार गुरुङले शिल्ड, मेडल तथा प्रमाणपत्र वितरण गरेका थिए। प्रतियोगितामा २३ विद्यालयको सहभागिता रहेको थियो।

## टान गण्डकीले राष्ट्रिय सभाका अध्यक्ष दाहाललाई बुझायो १२ बुँदे ध्यानाकर्षण पत्र

पोखरापत्र संवाददाता
पोखरा ३ पुस

ट्रेकिङ एजेन्सीज एशोसिएसन अफ नेपाल (टान) गण्डकीले राष्ट्रिय सभाका अध्यक्ष नारायण दाहाललाई ध्यानाकर्षण पत्र बुझाएको छ। पर्यटन क्षेत्रको विकास र व्यवसायको दीर्घकालीन प्रवर्द्धनका लागि टान गण्डकीले अध्यक्ष दाहाललाई १२ बुँदे ध्यानाकर्षण पत्र बुझाएको हो।



ध्यानाकर्षणपत्र बुझ्दै अध्यक्ष दाहालले प्रदेशको पर्यटन विकासको लागि टान गण्डकीसँग सहकार्य गरेर अगाडी बढ्ने बताए। उनले पर्यटन क्षेत्रमा देखिएका समस्याहरू समाधानका लागि सरकार र सरोकारवाला निकाय एकजुट भएर लाग्नुपर्नेमा जोड दिए । "पर्यटन व्यवसायीले कति कमाउँछ भन्नेमा चासो जति छ,त्यति नै पोखरामा पर्यटन कति आए र यसलाई अझ कसरी बढाउन सकिन्छ भन्ने विषयमा विशेष ध्यान दिन जरुरी छ।" उनले थपे "पर्यटन क्षेत्रमा आर्थिक कारण र चेतनाका कारण देखिएका समस्या समाधानमा ध्यान दिनु अत्यावश्यक छ।"

उनले अन्तर्राष्ट्रिय विमानस्थल उडानको ढिलाइको विषयमा सरकारको सिस्टममा कमजोरी भएको स्वीकार गरे । अध्यक्ष दाहालले चेतनाको कमीले यी समस्याहरू उत्पन्न भएको बताउँदै अन्तर्राष्ट्रिय उडानको लागि पहल गरिरहने बताए । यसअघि टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले रोजगारको ठूलो सम्भावना भएको पदयात्रा पर्यटनमा समन्वय र सहकार्यको खाँचो देखाउँदै टान गण्डकी सरकारसँग सहकार्य गर्न तयार रहेको बताएका थिए। नेपालको पदयात्रा पर्यटनलाई

बाँकी अन्तिम पृष्ठमा ▶▶


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ् कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# 'शिक्षा ऐन परिवर्तन गर्न आवश्यक छ'

**पोखरापत्र संवाददाता**
पोखरा ३ पुस

प्रजातन्त्रवादी प्राध्यापक संघ गण्डकी प्रदेश र नेपाल शिक्षक संघ कास्कीको संयुक्त आयोजनामा पोखरामा आयोजित वर्तमान शिक्षा प्रणालीमा देखिएका विसङ्गति र निराकरणका उपायहरु सम्बन्धित अर्न्तक्रिया कार्यक्रम मंगलबार सम्पन्न भएको छ।

अन्तरक्रिया कार्यक्रममा सहभागिहरुले शिक्षा ऐन परिवर्तन गर्न आवश्यक रहको बताएका छन् । उनीहरुले देशको अर्थतन्त्र, सम्बृद्धि तथा विकासका लागि प्रमुख मार्ग नै शिक्षा भएकाले शिक्षा क्षेत्रमा आमुल परिवर्तनको आवश्यकतामा जोड दिएका थिए । कार्यक्रममा शिक्षाविद् तथा प्रा.डा कुश्माकर न्यौपानेले नेपालमा कुलपति वा उपकुलपति नियुक्तिमा हुने विकृतिको अन्त्य गर्नुपर्ने भनाई राख्नुभएको थियो।

उहाँले विश्वविद्यालयमा गरिने कुलपति नियुक्तको विषयले प्राध्यापकहरुले अपमान भोग्दै आइरहेको सुनाउँदै यसको अन्त्य गर्नुपर्नेमा जोड दिनुभयो । पञ्चायतकालमा जसरी विज्ञको सम्मान भएको थियो गणतन्त्र आएपछि त्यो गुमेको बताउनुहुदै विश्वविद्यालयमा कुलपति नियुक्तिको नाममा राजनैति निवेदनको भिक्षा माग्ने प्रचलनको अन्त्य हुनुपर्ने उहाँको भनाई थियो । प्रा.डा न्यौपानेका अनुसार कुलपति नियुक्त गर्दा अनेक विज्ञ प्राध्यापकले निवेदन दिदैँ गर्दा एक जनालाई मात्र बनाउन सक्ने स्थितिमा अन्य प्राध्यापकहरुको अपमान हुँदै आइरहेको उल्लेख गर्नुभयो । कांग्रेसले मन्त्रालय रोज्दा शिक्षा मन्त्रालय लिन नमानेको सुनाउँदै अब शिक्षा मन्त्रालय रोजेर प्राध्यापकप्रति हुने अपमानको उच्छेदन गर्नुपर्ने उहाँको भनाई थियो। आगामी दिनहरुमा नेपालमा विज्ञहरुको कमी हुने खतरा देखिदैँ आइरहेको बताउनुहुदै देशका युवा जनशक्ति उच्च शिक्षाका लागि विदेशीने बाध्यताले नेपालमा अब सामान्य विषयमा समेत विदेशबाट विज्ञ ल्याउनुपर्ने अवस्था आउन सक्नेमा चिन्ता व्यक्त उहाँको थियो।

शिक्षा प्रणालीमा देखिएका विकृति निराकरणका लागि कांग्रेसले नै शिक्षा मन्त्रालय रोजेर पाठ्यक्रम/ पाठ्यपुस्तक परिवर्तन गर्दै देश पढाउने शिक्षा ल्याउन सुझाव प्राडा न्यौपानेको थियो।

उहाँले शिक्षामा आएको विकृतिले समग्र राष्ट्रलाई समस्या पारिरहेको बताउनुभयो । करिब ५३ वर्ष पुरानो शिक्षा ऐनलाई अहिलेपनि मानिराख्नुपर्ने बाध्यता रहिआएको प्राध्यापक भोलानाथ पौडेलले बताउनुभयो । उहाँले पञ्चायति अवस्थाको ऐनलाई आजसम्म पनि परिवर्तन गर्न नसक्नुको पछाडीको कारणबारे आफुहरु अनविज्ञ रहेको उहाँको भनाइ थियो । अर्न्तक्रिया कार्यक्रममा उठेका गुनासो तथा सुझावलाई सम्बोधन गर्दै कांग्रेस नेता नारायण प्रसाद (एनपी) साउदले नेपाली कांग्रेस देश र जनताको पक्षामा सधैँ रहिरहेको बताउनुभयो । उहाँले शिक्षा क्षेत्रको विकासका लागि शिक्षा ऐन संशोधन अत्यावश्यक रहेको र यसलाई छिटो ल्याउनका लागि आफुले दबाब दिने बताउनुहुदैँ शिक्षा ऐन पारितहुने चरणमै रहेको जानकारी दिनुभयो । सोही अन्तक्रिया कार्यक्रममा नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशमा प्रेस युनियनबाट नवनिर्वाचित हुनुभएका अध्यक्ष रमेश पौडेल सहित अन्य सदस्यहरुलाई बधाई सँगै कार्यकालको शुभकामना व्यक्त गरिएको थियो।

# पोखरामा 'प्रदीप मेमोरियल बास्केटबल' सुरु

**पोखरापत्र संवाददाता**
पोखरा ३ पुस

कास्कीको अन्नपूर्ण गाउँपालिका ११ छोम्प्रोङ्का स्वर्गीय प्रदीप गुरुङ्को स्मृतिमा आयोजित पहिलो संस्करणको खुल्ला पुरुष तथा महिला बास्केटबल प्रतियोगिताको सुरु भएको छ।

चैंपर लेम भाईखलक घान्द्रुकको आयोजनामा पोखरा महागनरपालिका-१० रामघाटस्थित पुन समाजको बास्केटबल कोर्टमा आजदेखि पहिलोसंस्करणकोप्रदीपमेमोरियल बास्केटबलप्रतियोगिता सुरु भएको हो । उक्त प्रतियोगिता अर्न्तगत खुल्ला पुरुषतर्फ आज ६ खेल सम्पन्न भएको कार्यक्रम संयोजक राजकुमार गुरुङले जानकारी दिए। उनका अनुसार आज भएको पहिलो खेलमा छोम्प्रोङ रातोले एमवाइसी घान्द्रुकलाई ५८-४० अङ्कले पराजित गर्‍यो । दोस्रो खेलमा मर्दी खोलाले छोम्प्रोङ सेतोलाई ४१-२१ अङ्कले पराजित गर्‍यो।



यस्तै तेस्रो खेलमा टिम ख्याङले रामघाट बीलाई ७०-२३ अङ्कले पराजित गर्‍यो । चौथो खेलमा कास्की बास्केटबल एकेडेमीको अनुपस्थितिमा वाकओभरमार्फत बेगा गाउँ विजयी बन्यो।

पाँचौ खेलमा पुन युनाटेड नदीपुरले अर्घौं पुनमगर समाजलाई ७२-३५ अङ्कले पराजित गर्दै दोस्रो चरणमा प्रवेश गर्यो। छैटौं खेलमा छोम्प्रोङ रातोले मनकामना क्लब दीपलाई ७०-३७ अङ्कले पराजित गर्दै छोम्प्रोङ रातो क्वाटरफाइनलमा प्रवेश गरेको अर्जुन गुरुङले जानकारी दिए । उनका अनुसार भोलिपनि पुरुषतर्फकै खेलहरु हुनेछन् । प्रतियोगितामा खुला पुरुषतर्फ १७ टिम र महिलातर्फ ५ टिमको सहभागिता रहेको छ। यसअघि प्रतियोगिताको उद्घाटन अन्नपूर्ण गाउँपालिका ११ का वडाध्यक्ष हिम बहादुर गुरुङले गरे। सो अवसरमा बोल्दै स्वर्गीय प्रदीप गुरुङ्को स्मृतिमा सञ्चालित प्रतियोगिताले उनको आत्मालाई शान्ति मिल्ने विश्वास व्यक्त गरे । उनले फरक प्रसंगमा बोल्दै उक्त प्रतियोगिताले प्रतिभावान तथा उदीयमान खेलाडीलाई अवसर मिल्ने बताउदै बास्केटबल खेलको विकास हुने धारणा राखे । वडाध्यक्ष गुरुङ आगामी दिनमासमेत सो प्रतियोगितालाई निरन्तरता दिनुपर्नेमा जोड दिएका थिए। सो प्रतियोगिताको पुरुषतर्फको विजेता टोलीले नगद रु ८० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै उपविजता बन्ने टोलीले नगद रु ५० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ।

महिलातर्फको विजेतालाई नगद रु २० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ। भने, उपविजेता टोलाई नगद रु १० हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिने छ । पुरुष तथा महिला दुवै प्रतियोगितामा विधागत तर्फ उत्कृष्ड खेलाडी (एमभिपी), उत्कृष्ट डिफेन्सिभ खेलाडी, उदीयमान खेलाडी र उत्कृष्ट अफेन्सिभ खेलाडीलाई आकर्षक पुरस्कारको व्यवस्थासमेत गरिएको आयोजकले जनाएको छ।

# सहिद स्कुलले जित्यो 'कुलपति रनिङ शिल्ड' फुटबलको उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा ३ पुस

गण्डकी प्रदेश सरकारद्वारा सञ्चालित गण्डकी विश्वविद्यालयले आयोजना गरेको दोस्रो संस्करणको 'कुलपति रनिङ शिल्ड विद्यालयस्तरीय छात्र फुटबल प्रतियोगिता'को उपाधि पोखरा-१४ स्थित सहिद स्मृति विद्यालयले जितेको छ।

यही मङ्सिर २९ गतेदेखि पोखरा रङ्गशालामा सुरु भएको प्रतियोगिताको आज फाइनल खेलमा स्टेपवाई स्टेप माविलाई टाइब्रेकरमा ४-२ गोल अन्तरले पराजित गर्दै सहिद स्मृति विद्यालय च्याम्पियन बन्यो।

उपाधि विजेता सहिद स्कुलले नगद रू एक लाखका साथमा रनिङ शिल्ड प्राप्त गरेको छ भने उपविजेता बन्न सफल स्टेपवाईले नगद रू ५० हजार पुरस्कार प्राप्त गर्‍यो।

यसअघि ४०-४० मिनेट खेलाइएको रोमाञ्चक खेलमा दुवै विद्यालयले समान २-२ गोल गरेका थिए। सहिद स्कुलका लागि




सरून सुनार र केशबहादुर रोका मगरले गोल गरे । स्टेपवाईका निराजन मगर र कुञ्ज पौडेलले गोल गरेका थिए । निर्धारित समयमा खेल बराबरी भएपछि अतिरिक्त समयमा धकेलिएको थियो । अतिरिक्त समयमा समेत दुवैतर्फबाट थप गोल हुन सकेन । पेनाल्टी सुटआउटमा स्टेपवाई स्टेपले दुई गोल गर्‍यो भने सहिद स्कुलले चारवटै प्रहारमा गोल गर्दै उपाधि चुम्न सफल भयो । प्रतियोगिताको उत्कृष्ट खेलाडी सहिद स्कुलका गोलरक्षक केशबहादुर रोक्का मगर बनेका छन् । उनले ट्रफीसहित नगद रू १५ हजार प्राप्त गरे।

प्रतियोगिताका विजेता टिम तथा खेलाडीहरूलाई विश्वविद्यालयका कुलपति प्रा डा गणेशमान गुरूङ, उपकुलपति प्रा डा देवकोटा, विश्वविद्यालयका, रजिस्ट्रार डा कैलाश तिमिल्सिना, प्रदेश खेलकुद परिषद्का उपाध्यक्ष धोजकुमार गुरूङले शिल्ड, मेडल तथा प्रमाणपत्र वितरण गर्नुभएको थियो । प्रतियोगितामा २३ विद्यालयका टिम सहभागी थिए । गण्डकी विश्वविद्यालयले स्नातक तहमा देशमै पहिलोपटक 'स्पोर्टस् म्यानेजमेन्ट' विषय अध्यापन गराउँदै आएको छ।

# लिङ्कन कलेजद्वारा स्वागत तथा अभिभूखिकरण

**पोखरापत्र संवाददाता**
पोखरा ३ पुस

पोखरा लिङ्कन इण्टरनेशनल कलेज पोखरा-८ ले स्नातक तथा स्नातकोत्तर कार्यक्रमको नव आगन्तुक विद्यार्थीहरुलारे स्वागत तथा अभिमूखिकरण कार्यक्रम सम्पन्न गर्‍यो।

कलेजले विगत १ दशक अघिदेखि स्नातक तहमा वि.वि.ए र वि.एच.म. कक्षा सञ्चालन गर्दै आएको छ भने सन् २०२३ देखि एम बि.ए. र यसै वर्षदेखि स्नातक तहमा बि.सि.एस का कक्षाहरु सञ्चालन गर्दै, आएको छ।

स्वागत तथा अभिमुखिकरण कार्यक्रम लिङ्कन, कलेजका संस्थापक अध्यक्ष शेर बहादुर गुरुङ्को अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा मन्तब्य राख्दै यस कलेजले भीमकालीपाटन बगरबाट ४२ वर्ष अगाडि लिटिल स्टेपको नामबाट प्रारम्भ गरेको शैक्षिक



यात्रा +२ हुँदै बिबिए, बिएचएम, बिसिएस तथा एमबिए सम्मका कार्यक्रमहरू सन्चालनसम्म आइपुग्दा सबै क्षेत्रबाट साथ र सहयोग अविश्मरणीय रहेको धारणा राख्नुभयो । त्यो उत्पादनले संसारका विभिन्न देश प्रतिष्ठानमा यो उत्पादनले कार्य गरिरहेका छन्।

कार्यक्रममा प्रमुख वक्ताका रुपमा रहेका रामजी शर्माले पछिल्लो समय पठन-पाठनको ढाँचामा धेरै परिवर्तन आएको र कलेजले सञ्चालन गरेका कार्यक्रमले पर्यटन र अन्य आर्जनका क्षेत्रमा योगदान, पुऱ्याउने हुदाँ राष्ट्र कै लागि योगदान पुग्ने धारणा राख्नुभयो । साथै उहाँले नयाँ प्रविधिको प्रयोगसँगै सिकाइलाई प्रभावकारी बनाउँदै लग्न अनुरोध गर्नुभयो । कार्यक्रम स्वागत मन्तव्य राख्दै संस्थापक प्राचार्य पम्फा गुरुङले कलेजको शैक्षिक इतिहास र उपलब्ध बारे समेत प्रकाश पार्नु भयो।

कलेजको शैक्षिक गतिविधि, पाठ्यक्रम, आचार संहिता र भावि कार्यक्रम बारे वि.वि.ए तथा वि. एच. एम. कोअर्डिनेटर ईश्वर सुवेदीले अभिमुखीकरण दिनु भएको थियो। वि. एम. बि. एकी छात्रा सिर्जना क्षेत्री तथा बिएचएम का तेस्रो सेमेस्टरका छात्र सुमन सुनारले संयुक्त रुपमा कार्यक्रम सञ्चालन गरेका थिए।

कार्यक्रममा नव आगन्तुक विद्यार्थीहरुलाई खादा लगाएर स्वागत गरिएको थियो। कलेजका प्राध्यापक तथा कर्मचारीहरु समेतको उपस्थितिमा विभिन सांगितिक कार्यक्रमहरू सञ्चालन गरिएको थियो । स्मरणीय छ, नीजि स्तरबाट नर्सरीदेखि स्नातकोत्तर तहसम्मको शिक्षामा लिटिल स्टेप तथा लिङ्कन कलेजले निरन्तररुपमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको छ।

# स्वास्थ्य सेवालाई मजबुत बनाउँदै आँबुखैरेनी अस्पताल

**पोखरापत्र संवाददाता**
तनहुँ ३ पुस

तनहुँको पूर्वी नाकामा पर्ने आँबुखैरेनी गाउँपालिकाद्वारा सञ्चालित आँबुखैरेनी अस्पतालले स्वास्थ्य सेवालाई मजबुद बनाएको छ।

स्थानीय तहमा पहिलो पटक हर्नियाको सफल शल्यक्रिया गरेर ख्याति कमाएको यस अस्पतालले हेमोडायलासिसका साथै शल्यक्रियासहितको आमा सुरक्षा कार्यक्रम गर्न स्वीकृति पाएको हो । मङ्सिर महिनामा थप तीन वटा स्वास्थ्य सुविधाका लागि स्वास्थ्य सेवा विभागबाट अनुमति पाएपछि यस क्षेत्रका बासिन्दालाई उपचारका लागि अन्यत्र जानुपर्ने बाध्यता हटेको छ। दमौली अस्पतालका सुपरीटेन्डेन एवं सर्जन डा परिवर्तन बरालको नेतृत्वमा स्वास्थ्यकर्मीको टोलीले केही दिनअघि स्थानीय ५९ वर्षका माधवप्रसाद वाग्लेको हर्नियाको सफल शल्यक्रिया गरेको थियो। त्यसैगरी मिर्गौलाका बिरामीको डायलासिस सेवा सञ्चालनका लागि स्वास्थ्य सेवा विभागमा सूचीकृत भएपछि सेवा दिन सुरू गरेको सो अस्पतालले जनाएको छ। स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले आमनागरिकले सहजता पाउने भन्दै अनुमति प्रक्रिया छिटो सम्पन्न गर्न स्वास्थ्य सेवा विभागका महानिर्देशकलाई निर्देशन दिनुभएको थियो । गाउँपालिका अध्यक्ष शुक्र चुमानको नेतृत्वमा केही दिनअघि गएको टोलीले अस्पतालमा सेवा सञ्चालनका लागि सूचीकृत नहुँदा पूर्ण क्षमतामा सेवा दिन समस्या भएको जनाएपछि मन्त्री पौडेलले सहजीकरण गर्नुभएको थियो। सेवा सूचीकृतका साथै अस्पतालका लागि आवश्यक सामग्री र उपकरणमा सघाउने मन्त्री पौडेलबाट आश्वासन पाउँदा थप हौसला मिलेको अध्यक्ष चुमानले बताउनुभयो । साथै, स्वास्थ्य सेवा विभागको मङ्सिर २६ गतेको निर्णयले शल्यक्रिया सहितको आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रमका लागि अनुमति स्वीकृत प्रदान गरेको छ । उक्त कार्यक्रम लागू भएसँगै गाउँपालिकामार्फत सञ्चालित अस्पतालमा सुत्केरी गराउने महिलाले सरकारले दिने सुविधा रकम प्राप्त गर्नेछन् । उक्त अस्पतालबाट तनहुँसहित छिमेकी जिल्ला गोरखा, लमजुङ र चितवनका केही क्षेत्रका बासिन्दाले सेवा लिँदै आएको आँबुखैरेनी अस्पतालका प्रमुख डा डिबी क्षेत्रीले जानकारी दिनुभयो।

# पोखरामा ...

दिई संयुक्त अनुसन्धान परियोजना सञ्चालन, शिक्षक विद्यार्थीहरुको आदान प्रदान र विविध विषयमा संयुक्त अन्तरराष्ट्रीय सम्मेलन मार्फत शैक्षिक अनुभव एवम् विशेषज्ञताको आदान प्रदान गर्दै आइरहेको डा.केसीले जनाउनु भयो।

नेपाली करिब १ सय ८० जना बिद्यार्थीहरुले पहिलो सेमेस्टोरमा सिचुवाङ विश्व बिद्यालयमा अध्ययन गर्ने मौका पाएको उहाँले जनाउनु भयो । सम्मेलनमा चीनका ३०, नेपालबाट २०, भारत, पाकिस्तान, श्रीलङ्काबाट तीन-तीन जनाका साथै भुटान, मलेसिया, सिङ्गापुर, इण्डोनेसियाका विश्वविद्यालयबाट अध्यापकहरू सहभागी हुने जानकारी दिनुभयो।

# टान गण्डकी ...

अन्तर्राष्ट्रिय स्तरमा चिनाउँदै आएको बताउँदै आचार्यले पर्यटन व्यवसायमा देखिएका समस्या समाधानका लागि तत्काल पहल गर्न अध्यक्ष दाहाल आग्रह गरेका थिए । टान गण्डकीले बुझाएको १२ बुँदे ध्यानाकर्षण पत्रमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा यथाशीघ्र अन्तर्राष्ट्रिय उडान गर्न, काठमाडौं-पोखरा जोड्ने पृथ्वी राजमार्गको तत्काल स्तरोन्नति गर्न, जथाभाबी मोटरबाटो निर्माणका कारण पदयात्रा क्षेत्रमा असर परेकोले विश्वप्रसिद्ध पदमार्गहरू लोप हुँदै जानु र पदयात्रा पर्यटनमा कमजोरी ल्याउन थालेको भन्दै नयाँ पदमार्गको खोज, प्रवर्द्धन तथा संरक्षणमा सरकारले ध्यान पुऱ्याईदिन उल्लेख गरिएको छ। यसका साथै, निषेधित क्षेत्रमा १ जनाले पनि यात्रा गर्न मिल्ने व्यवस्था गर्न, स्थानीय निकायले पालिका प्रवेश गर्दा विदेशी र आन्तरिक पर्यटकबाट शुल्क लिने निर्णय रोक्न, अवैध रूपमा सञ्चालन हुने पदयात्रा रोकेर कडा कारवाही गर्न, टिम्स चेकपोस्ट पुनः सञ्चालन गर्न, र पर्यटन क्षेत्रमा प्रभावकारी रूपमा गाइड वा सहयोगी नपरी यात्रा गर्न नपाउने नीतिलाई पनि थप मजबुतीकरण गर्नुपर्नेमा टानको आग्रह छ।

संघीय संरचनामा समन्वयको अभावलाई सम्बोधन गर्न एकद्वार प्रणाली लागू गर्न, पर्यटन नीति तथा कानुनलाई समयसापेक्ष परिमार्जन गर्न र गण्डकी प्रदेशमै कम्पनी रजिष्ट्रारको कार्यालय स्थापना गरेर दर्ता प्रक्रिया सहज बनाउन समेत टानले ध्यानाकर्षण पत्रमार्फत जानकारी गराएको छ। धवलागिरी क्षेत्रलाई संरक्षित क्षेत्रको रूपमा घोषणा गर्दै क्याम्पिङ ट्रेकिङको प्रवर्द्धन गर्न समेत टानको जोड छ।

## फोहरमैलाको उचित व्यवस्थापन गरौं

◆सडक र सार्वजनिक स्थानमा फोहोर नफालौं,
◆ घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थलबाट निस्किएको फोहोरको उचित व्यवस्थापन गरौं,
◆कुहिने र नकुहिने फोहोरलाई छुट्टाछुट्टै राखौ,
◆कुहिने फोहोरलाई घरमा नै मल बनाई प्रयोग गरौं,
◆पुनः प्रयोग हुन सक्ने वस्तु (जस्तै-प्लाष्टिकका डिब्बा, झोला आदि) पुनः प्रयोग गरौं,
◆फोहोरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौ,
◆प्लाष्टिक वा अन्य वस्तु प्रयोग वा उपयोग गरिसकेपछि प्लाष्टिक लगायतका बट्टा वा खोल जथाभावी नफालौं,
◆फोहोरमैलाको व्यवस्थापनमा सबै जुटौ,
शहर तथा गाउँ स्वच्छ र सफा राखौ।

नेपाल सरकार
विज्ञापन बोर्ड

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। – गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# पोखरा प्रवर्द्धन गर्ने प्रतियोगिता

नेपाल-चीन मैत्रीपूर्ण 'ड्रागन बोट रेस' पोखरामा हुने भएको छ। पर्यटकीय राजधानी पोखरामा वाटर स्पोर्टसको रुपमा गतवर्षदेखि थपिएको ड्रागन बोट रेसको दोस्रो संस्करण १३ देखि १५ (डिसेम्बर २८-३०) सम्म फेवातालमा हुनेछ। महोत्सवका रूपमा सञ्चालन गर्न लागिएको प्रतियोगितामा नेपालका ११, मित्रराष्ट्र चीनका ८ र सिंगापुरको एउटासहित गरी कुल २० समूहको सहभागिता रहनेछ। प्रतियोगिता २०० र ५०० मिटर गरी दुई विधामा हुनेछ। नेपालबाट नेपाल टीम, पोखरा महानगरपालिका टिम, राना टिम, ड्रागन बोट एसोसिएसन बागमती, कर्णाली, गण्डकी, त्रिभुवन आर्मी क्लब, हिमालयन रिभर गाइड एशोसिएनसन, नेपाल ऱ्याफ्टिङ एसोसिएसन, बेगनास र रुपाताल टिमको सहभागिता रहनेछ।

चीनबाट वुहान स्पोर्ट्स युनिभर्सिटी, हुवेइ युनिभर्सिटी, डोङ्वान ड्रागन बोट क्लब, साउथवेष्ट्न मेडिकल युनिभर्सिटी, लिओचिङ युनिभर्सिटी, टिम अफ लिन्क्षी टिटी, युनान नर्मल युनिभर्सिटी र युनान मिन्जु युनिभर्सिटीको सहभागिता रहने छ। यस्तै सिंगापुरबाट केजिएच सिंगापुर एसजी ड्रागन्सको सहभागिता रहनेछ। चीनबाट भाग लिने खेलाडी २६ डिसेम्बरमा चार्टर्ड उडानबाट पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गर्नेछन्। चिनियाँ मात्र २०० भन्दा बढी सहभागी हुँदैछन्। प्रधानमन्त्री केपी शर्मा ओलीको हालै सम्पन्न चीन भ्रमणमा नेपाल-चीन दुवैले पोखरामा हुने ड्रागन वोट रेस र क्रस क्रन्टी रेसलाई मित्रताको रुपमा जोड दिएका छन्। सन २०२५ लाई नेपाल भ्रमण बर्षको रुपमा मनाउने र त्यसलाई चीनले सघाउने भएको छ। चीनिया पर्यटकलाई नेपाल भ्रमण गर्न प्रेरित गर्ने काम यस्ता मैत्रीपूर्ण प्रतियोगिताले गर्छ। पोखरामा पर्यटक भित्र्याउने र प्रबर्द्धनमा यस्ता गतिविधि सहयोगी हुन्छन्।

गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका, नेपालस्थित चिनियाँ दूतावास र नेपाल पर्यटन बोर्डको आयोजना तथा नेपाल ड्रागन बोट एसोसिएसन, पोखरा पर्यटन परिषद् र पोखरा ओभरसिज चाइनिज एसोसिएसनको सहआयोजनामा हुन लागेको यो प्रतियोगिता पोखराका लागि महत्त्वपूर्ण छ। पोखरालाई पर्यटनको राजधानी घोषणा गरेको यस्तै गतिविधि छिमेकी मुलुक र मित्रराष्ट्रले गर्नका लागि हो। पोखराका सबैको सहयोग र समर्थन आवश्यक हुन्छ।

प्रतियोगिताको विजेताले नगद ५ हजार अमेरिकी डलर (नेपाली करिब ६ लाख ७९ हजार रुपैयाँ), उपविजेताले नगद २ हजार डलर (नेपाली करिब २ लाख ७१ हजार रुपैयाँ), तृतीय हुनेले नगद १ हजार २ सय डलर (नेपाली करिब १ लाख ६३ हजार रुपैयाँ) प्राप्त गर्नेछन्। प्रतियोगितामा सहभागी बाँकी १७ वटा समूहलाई नगद ५ सय अमेरिकी डलर (नेपाली करिब ६८ हजार रुपैयाँ) पुरस्कार दिइने छ। मित्र राष्ट्र चीनमा अत्यन्त लोकप्रिय रहेको ऐतिहासिक ड्रागन बोर्ड रेस प्रतियोगिता गतवर्षदेखि पोखराको फेवा र वेगनासतालमा सञ्चालन गरिँदै आइरहेको छ।

प्रतियोगिताले नेपाल-चीन दुईपक्षीय सम्बन्धमा नयाँ आयाम थप्ने, पोखरामा वाटर स्पोर्टसका नयाँ सम्भावनाहरूको खोजीमा सहयोग गर्ने, पोखराका तालहरूलाई आकर्षणको केन्द्रका रूपमा विकास गर्ने, पोखरा र आसपासको पर्यटन विकासमा टेवा पुराउन महत्त्वपूर्ण सहयोग पुग्ने आशा गर्न सकिन्छ। पोखराले सन २०२५ लाई पोखरा भ्रमण वर्षको रुपमा मनाउन लाग्दा चीनलेसमेत २०२५ लाई नेपाल भ्रमण वर्षको रुपमा मनाउन लागेको छ। चिनियाँ दुतावास नै आयोजक बनेर गरिएको गतिविधि पोखराको अन्तर्राष्ट्रिय बजारमा प्रचारप्रसार र पोखराको पर्यटन प्रवर्द्धनका लागि ठूलो टेवा हो। पोखरा महानगरपालिका र पर्यटन संबद्ध संस्थाले ठूलो छाती बनाएर सबैलाई समेट्ने र सबैले सहयोग गर्नु पोखराको हितमा हुनेछ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : व्यापारमा लाभ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बढ्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : शुभ यात्रा |
| कन्या | : मानसिक तनाव | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# मादीका जेहेन्दार विद्यार्थीलाई 'द ट्रान्जिट फायर एण्ड क्याम्प'को सहयोग

पोखरापत्र संवाददाता
पोखरा, ३ पुस

मादी गाउँपालिकाका जेहेन्दार विद्यार्थीलाई 'द ट्रान्जिट फायर एण्ड क्याम्प' ले विभिन्न २ विद्यालयका जेहेन्दार विद्यार्थीलाई लत्ताकपडा सहयोग गरेको छ।

गत असोजमा 'द ट्रान्जिट फायर एण्ड क्याम्प' मा सम्पन्न साँगीतिक कार्यक्रममार्फत संकलित रकममध्ये केही रकमको लत्ताकपडा मादी गाउँपालिका ७ को बाल पदम र मादी ६ को शिव शक्ति प्राविका ४३ जना विद्यार्थीलाई टोपी र स्वेटर सहयोग गरेको हो। उक्त समाग्री विद्यालय व्यस्थापन समितिका अध्यक्ष बोधराज बराल र प्रध्यानाध्यापक कलाधर सापकोटा र पदम सापकोटालाई द ट्रान्सिट रिसोर्टका सञ्चालक नर गुरुङ, आशिष गुरुङ र सुवास गुरुङले सँयुक्त रुपमा हस्तान्तरण गरे। सो अवसरमा बोल्दै विद्यालय परिवारले आभार प्रकट गर्दै



आगामी दिनमासमेत समाजिक कार्यलाई निरन्तरता दिन आग्रह गरेका थिए।

मादी गाउँपालिका ३ ज्याम्दु (तानतिङ जाने रुट) मा नर गुरुङ, आशिष गुरुङ र सुवास गुरुङले 'द ट्रान्जिट रिसोर्ट' सञ्चालन गर्दै आएका छन्। उक्त रिसोर्ट क्याम्पिङका लागि लोकप्रिय छ। व्यवसायीक लाभसँगै सामाजिक कार्य गर्ने उद्देश्यसहित 'द ट्रान्सिट फायर एण्ड क्याम्प' को सञ्चालक टिमले सहयोगको अभियान चलाएको युवा व्यवसायी नर गुरुङ बताए। 'हामीले व्यावसायीक लाभ मात्रै होइन। समाजिक क्रियाकलापमा पनि प्रत्यक्ष सहयोग र योगदान पुर्याउने भनेर नै यो अभियान चलाएका हौं।' गुरुङले भने। उनका अनुसार पहिलो चरणमा मादी गाउँपालिका ७ को श्री बाल पदम र मादी ६ को श्री शिव शक्ति प्राविका ४३ जना विद्यार्थीलाई टोपी र स्वेटर प्रदान गरिएको हो।

अब अर्को चरणमा बाँकी अन्य विद्यालयमा सहयोग गने योजना रहेको उनले बताए।

# आँधीखोला तर्न फट्केको भर

पोखरापत्र संवाददाता
वालिङ, ३ पुस

स्याङ्जाको भिरकोट-५ सिम्लेस्थित आँधीखोलामा फट्के मार्फत् आवतजावत गर्न थालेको झण्डै ४० वर्ष पूरा भएको छ। स्थानीय बासिन्दा, शिक्षक, विद्यार्थीले विशेष गरेर हिउँदका समयमा फट्के उपयोग गर्दछन्।

हिउँदका समयमा खोला वारपार गर्नका फट्केले सहज हुने गरेको जनप्रिय माध्यमिक विद्यालय भिरकोट-५ का शिक्षक कृष्णप्रसाद पौडेलले बताउनुभयो। विद्यालयमा अध्ययनका लागि आउने विद्यार्थी तथा सिम्लेबाट गैह्राथोक बजार जान फट्के बनाउनले खोला तर्न सहज भएको उहाँले जानकारी दिनुभयो। "जाडोको समयमा खोला तर्दा चिसो हुने, जुत्ता मोजा खोल्नुपर्ने, कहिलकाहीँ खोलाले बगाउनेसमेत गर्थ्यो", उहाँले भन्नुभयो, "खोलामा पस्ने नपरीकन वारपार गर्न फट्केले सहज भएको छ।" स्थानीयवासी, शिक्षक, विद्यार्थी सबै मिलेर बर्सेनि बनाउँदै आएको फट्केले यस वर्ष पनि निरन्तरता पाएको उहाँले बताउनुभयो। बाँस काटेर सातदेखि नौवटा किला बनाउने र त्यसलाई भाटाले भकारीजस्तै गरी बुनिन्छ। बुनिएको भकारीलाई खोलामा लगेर ढुङ्गा भरिन्छ र त्यसलाई पिल्लरको रूपमा प्रयोग गरी बाँस तेर्स्याइन्छ। तेर्स्याइएको बाँसमाथि बालुवा भरिएको बोरा राखेर फट्के तयार गरिन्छ। खोलाको फैलावटका आधारमा भकारी बनाइने उहाँले बताउनुभयो। "खोला कति



फराकिलो भएर बहेको छ, त्यसैका आधारमा भकारीको सङ्ख्या घटीबढी हुने गर्छ", उहाँले भन्नुभयो, "कहिले सात-आठवटा भकारी बुने पुग्छ, कहिले २०-२२ पनि बुन्नुपर्छ।" पहिला-पहिला बाँस खोज्न टाढाटाढाका गाउँगाउँमा पुग्नुपर्थ्यो। केही वर्ष अघिदेखि विद्यालय आफैँले बाँस रोपण गरेकाले बाँस खोज्न टाढा जानुपर्ने झण्झट हराएको छ।

विद्यालयभन्दा केही तल आँधीखोलामा पक्की पुल निर्माण सुरु भएको पनि वर्षौं भयो। पुल समयमै सम्पन्न हुन नसक्दा पनि विद्यार्थी तथा स्थानीयले बाँसको फट्केबाट खोला वारपार गर्नुपर्ने बाध्यता रहिआएको छ। खोलाको किनारमै रहेको विद्यालयका शिक्षक, विद्यार्थीले कक्षा खाली भएका बेला स्थानीयसँगै जनश्रमदानमा सहभागी हुने गरेका छन्। फट्के बनाउन कम्तीमा तीन दिनदेखि बढीमा एक हप्तासम्म समय लाग्ने गरेको उहाँले बताउनुभयो।

पहिला वर्षा तथा हिउँदका समयमा माझी तथा बोटेहरूको सहायतामा डुङ्गाबाट वारपार गर्ने गरिएको स्थानीय चन्द्रध्वज खाणले बताउनुभयो। डुङ्गाबाट खोला वारपार गर्ने गरिएकोमा पछिल्लो समय माझी तथा बोटे समुदाय विस्थापित भएपछि विकल्पका रूपमा फट्के हाल्न थालिएको उहाँले बताउनुभयो।

पायक पर्ने यस ठाउँमा झोलुङ्गे पुलका लागि पटकपटक माग गरिए तापनि हालसम्म सुनुवाइ नभएको उहाँको गुनासो छ। "हिउँदमा फट्के बनाउने र वर्षायाम सुरु हुने बेला झिक्ने यहाँको परम्पराजस्तै बनेको छ", उहाँले भन्नुभयो, "विगतका वर्षमा जस्तै यस वर्ष पनि विद्यालयको सक्रियता तथा अगुवाइमा फट्के बनाइएको छ।" एकपटक फट्के बनाएपछि झण्डै सात-आठ महिनासम्म खोला वारपार गर्न सहज हुने गरेको छ।

# रेशमा बन्यो पाँच शैयाको आधारभूत अस्पताल भवन

पोखरापत्र संवाददाता
बागलुङ, ३ पुस

सङ्घीय सरकारको विशेष अनुदानमा बागलुङको काठेखोला गाउँपालिकाको रेशमा पाँच शय्याको आधारभूत अस्पताल निर्माण गरिएको छ।

रु तीन करोड ६४ लाख ६५ हजारको लागतमा गत वर्षदेखि अस्पताल भवन निर्माण सुरु गरिएको थियो। काठेखोला - ७ स्थित रेश वडा कार्यालय नजिकै उक्त अस्पताल निर्माण गरिएको हो। गाउँपालिकाले अन्य दुई स्थानमा आधारभूत अस्पताल निर्माण गरेको छ। बिहुँमा बनाएको बिहुकोट आधारभूत अस्पताल उद्घाटन भइसकेको छभने रेशमा पाँच शय्याको अस्पताल भवनलगत्तै सेवा दिनेगरी निर्माण गरिएको काठेखोला-७ का वडाध्यक्ष प्रेम लामिछानेले जानकारी दिनुभयो।

नागरिकलाई जटिल प्रकारको स्वास्थ्य समस्या देखिए बागलुङ बजार लैजानुपर्ने बाध्यताको अन्त्य गर्न अस्पताल बनाइएको उहाँले बताउनुभयो। गाउँपालिकाले प्रत्येक वडामा स्वास्थ्य संस्था, पायक पर्ने टाढाका रहेका गाउँ नागरिकलाई लक्षित गरी रेशमा अस्पताल बनाएपछि सहज हुने छभने तत्कालै सेवा विस्तारमा पालिकाले ध्यान दिने काठेखोला गाउँपालिकाका प्रवक्ता टीकासङ गम विकले बताउनुभयो।

गाउँगाउँमा आधारभूत स्वास्थ्य एकाइ स्थापना भएपछि उपचारका लागि सहज भए पनि सेवाको गुणस्तर र जटिल खालका उपचार पनि गाउँमै गर्ने वातावरण मिलाउनका लागि आधारभूत अस्पताल निर्माण गरिएको उहाँको भनाइ छ। आधारभूत अस्पतालमा मेडिकल अधिकृतसहितको सेवा दिन पालिकाले पहल गरेको अध्यक्ष थापाले बताउनुभयो।

# घलेलमा २६ औं ल्होछार उत्सव हुँदै

पोखरापत्र संवाददाता
पोखरा, ३ पुस

तमु समुदायको मुख्य पर्व ल्होछारको अवसरमा कास्कीको माछापुच्छ्रे गाउँपालिका ८/९ स्थित घलेलमा २६ औं घलेल ल्होछार उत्सव हुने भएको छ।

बौद्ध सृजना युवा क्लबको आयोजनामा आगामी पुष १५ देखि २१ गतेसम्म २६ औं संस्करणको ल्होछार उत्सव आयोजना गरिने क्लबका अध्यक्ष विराज गुरुङले जानकारी दिए। उनका अनुसार घलेल ल्होछार उत्सवमा खुल्ला गाउँस्तरीय पुरुष भलिबल, प्रौढ भलिबल, ठेलो, रस्साकस्सी, सामुहिक नृत्य, घोडा दौड लगायतका प्रतियोगिता समावेश गरिएको छ। अध्यक्ष गुरुङले गाउँ स्तरीय पुरुष भलिबल प्रतियोगिताको विजेतालाई ६५ हजार र उपविजेतालाई नगद ४५ हजार पुरस्कारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिने बताए।

सेमिफाइनलमा प्रवेश गर्ने दुवै टिमलाई जनही १० हजार रुपैयाँ तथा प्रमाणपत्र प्रदान गरिनेछ। यसैगरी सर्वोत्कृष्ट हुने खेलाडीलाई गो बन्जी नेपालबाट बन्जी जम्प गर्ने अवसर प्रदान गरिने अध्यक्ष गुरुङले बताए।

उनका अनुसार गाउँस्तरीय पुरुष भलिबल प्रतियोगितामा सहभागि जनाउन ५ हजार दर्ता शुल्क निर्धारण गरिएको छ। यसैगरी महिला भलिबल तर्फको विजेतालाई ३० हजार उपविजेतालाई २० हजार, शिल्ड,मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ। टिम दर्ता गर्न शुल्क २५ सय रुपैयाँ तोकिएको खेल संयोजक गणेश बिसीले जानकारी दिए। उनका अनुसार प्रौढ पुरुष भलिबल प्रतियोगिताको विजेताले बोका (ठुलो) र उपविजेताले बोका (सानो)सँगै ट्रफी मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् भने, सहभागी हुन एक समुहलाई ३ हजार दर्ता शुल्क निर्धारण गरिएको छ।

यस्तै घोडा दौड प्रतियोगिताको विजेताले नगद रु ४० हजार र उपविजेताले २० हजार, सान्त्वना स्थान हाँसिल गर्नेले १० हजारसहित प्रमाणपत्र प्राप्त गर्नेछन् भने सहभागी हुन ५ हजार रुपैयाँ दर्ता शुल्क निर्धारण गरेको छ। खुल्ला सामुहिक नृत्य प्रतियोगिताको विजेताले ३० हजार र उपविजेताले २० हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नेछन्। यस्तै ठेलो फाल्ने प्रतियोगिता, रस्साकस्सी प्रतियोगिता, महिला कुर्ची दौड प्रतियोगिता र घैटो फुटाउने प्रतियोगिताको विजेता र उपविजेताले आर्कषक पुरस्कार प्राप्त गर्नेछन्। मेलामा विभिन्न समुदायमा प्रचलित साँस्कृतिक नृत्य, लोक तथा दोहोरी कलाकारहरुले विशेष प्रस्तुती दिने आयोजकले जनाएको छ।

# दैनिक १६२ मुद्दा दर्ता, ११७ पक्राउ

रासस
काठमाडौं, ३ पुस

नेपाल प्रहरीको तथ्याङ्कले आपराधिक घटना न्यूनीकरण हुन नसकेको देखाएको छ।

हालै नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता/सूचना अधिकारी तोकिनुभएका प्रहरी वरिष्ठ उपरीक्षक विश्व अधिकारीले नेपाल प्रहरी प्रधान कार्यालयमा आज बुधबार सञ्चारकर्मीहरूसँग साक्षात्कार कार्यक्रम आयोजना गर्दै उक्त जानकारी गराउनुभएको हो।

वरिष्ठ उपरीक्षक अधिकारीले आर्थिक वर्ष २०८१/०८२ को गत चार महिनाको अवधिमा नेपाल प्रहरीबाट सम्पादित प्रमुख कार्य तथा उपलब्धिहरू जानकारी गराउँदै आपराधिक घटनाको दैनिक एक सय ६२ वटा मुद्दा दर्ता हुने गरेको जानकारी दिनुभयो। ती घटनाहरूमा दैनिक एक सय १७ जनालाई पक्राउ गरी कानुनी दायरामा ल्याइएको उहाँले बताउनुभयो। वरिष्ठ उपरीक्षक अधिकारीका अनुसार कर्तव्य ज्यानमा गत वर्षको चार महिनामा एक सय ९३ घटना रहेकामा र अहिले सोही अवधिमा एक सय ९२ घटना भएको छ। सङ्गठित अपराधमा मुद्दा बढेको पाइएको छ। सङ्गठित अपराधमा गत वर्ष पाँच रहेकामा अहिले सोही चार महिनाको अवधिमा ३९ वटा मुद्दा दर्ता भएको छ। जबर्जस्ती करणीमा गत वर्षको चार महिनामा आठ सय नौ वटा रहेकामा यस वर्ष आठ सय २३ वटा मुद्दा दर्ता गरिएको वरिष्ठ उपरीक्षक अधिकारीले जानकारी दिनुभयो।

उहाँले कर्तव्य ज्यानतर्फ सबैभन्दा बढी कोशी प्रदेशमा २३ दशमलव ९५ र कर्णालीमा जम्मा छ वटा मुद्दा ३ दशमलव २५ प्रतिशत दर्ता भएको जानकारी दिनुभयो। उहाँले आत्महत्यामा पनि कोसीमा बढी र कर्णालीमा कम रहेको बताउनुभयो।

जबर्जस्ती करणीमा सबैभन्दा बढी कोसीमा र सबैभन्दा कम गण्डकीमा घटना घटेको जानकारी दिँदै वरिष्ठ उपरीक्षक अधिकारीले करणी उद्योगमा पनि कोसीमा बढी भएको बताउनुभयो। उहाँले बैंकिङ कसुरका घटना बढेको र उपत्यकामा मात्रै ५७ दशमलव ७७ प्रतिशत घटना दर्ता भएको जानकारी दिनुभयो। प्रहरी वरिष्ठ उपरीक्षक अधिकारीले अपराधमा वृद्धि भएको तथ्याङ्कले देखाएको बताउनुभयो। प्रविधिको बढ्दो दुरुपयोगबाट सिर्जित अपराधहरू चुनौतीका रूपमा रहेको उल्लेख गर्दै उहाँले विद्यमान स्रोतसाधनको उच्चतम प्रयोग गरी त्यस्ता अपराध नियन्त्रणमा प्रहरी क्रियाशील रहेको बताउनुभयो। सो क्रममा उहाँले मानवस्रोत विकास तथा स्रोतसाधन व्यवस्थापनतर्फ प्रहरीको इकाइगत सङ्ख्या, भर्ना छनोटसम्बन्धी हालसम्मको गतिविधि, प्रशिक्षण, नयाँ नियुक्ति/पदस्थापन, सरुवा, बढुवा, कारबाही तथा पुरस्कृतहरूको तथ्याङ्क, भौतिक संरचनाहरूको सङ्ख्यात्मक विवरण तथा हालको अवस्था, अस्थायी पोष्टमा कार्यरत एवं नयाँ स्थापना तथा स्तरवृद्धिका लागि माग भएका इकाइहरूका बारेमा सङ्ख्यागत विवरण प्रस्तुत गर्नुभएको थियो।


## कम्पनी खारेजी सम्बन्धमा जारी गरिएको सूचना

**उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय मिति २०६५/०५/१६ मा दर्ता भएको प्रा.लि. नं. ५५७७२ को सुमु इन्टरप्राइजेज प्रा.लि. नामक कम्पनी यस कार्यालयको मिति २०८१/०९/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।**

# पोखरामा फुजी ब्राण्डका एलिभेटर उपलब्ध

पोखरापत्र संवाददाता
पोखरा, ३ पुस



पोखराबाट जापानिज प्रविधिको फुजी ब्राण्डको एलिभेटर (लिफ्ट) बिक्री बितरण हुने भएको छ। जापानिज प्रविधि र चीनमा कोलाब्रेट गरिएको फुजी ब्राण्डको एलिभेटर र एक्सेलेटरका लागि पोखरामा एलिभेटर टेक नेपाल पोखराले पोखराको चाउथेबाट बिक्री शुरु गरेको हो।

फुजी ब्राण्डको एलिभेटर र एक्सेलेटरको लागि नेपालको आधिकारीक बिक्रेता एलिभेटर टेक नेपालको शुरुवात गर्दै मणिपाल शिक्षण अस्पतालका सञ्चालक आनन्द बतासले नेपालमा एलिभेटर खरिद गर्दा विभिन्न समस्याहरु उत्पन्न भरहदा फुजी ब्राण्डले पोखरामानै नेपालको लागि आधिकारीक डिलर सञ्चालन गरेकोमा खुसी ब्यक्त गरे। ग्राहकलाई सामाग्री बिक्री गर्नुभन्दा पनि त्यसको सामाग्री र सर्भिसका लागि ध्यान दिन आवश्यक रहेको वताउदै बतासले फुजी ब्राण्डको एलिभेटर र एक्सेलेटरले पोखरेलीको मन जित्ने गरी काम गर्नेमा आफु ढुक्क रहेको समेत बताए।

त्यस्तै वरिष्ठ समाजसेवी रामजी बास्तोलाले पोखरामा लिफ्ट (एलिभेटर) किन्नका लागि काठमाण्डौ धाउनुपर्ने बाध्यता हटेको भएतापनि यसको सर्भिसिङ र सामाग्रीका लागि समेत फुजीको डिलरले ध्यान दिन आवश्यक रहेको बताए। त्यस्तै एलिभेटर टेक नेपालका टेक्निकल डिपार्ट हेड रमेशराज अधिकारीले फुजी ब्राण्डको एलिभेटर र एक्सेलेटरका लागि नेपालका लागि आफुहरु आधिकारीक बिक्रेता भएकाले यसमा कुनैपनि समस्या आएमा पोखराबाटै सर्भिसको ब्यवस्था भएकाले अन्य कम्पनीहरुमा जस्तो समस्या नहुने बताए। एलिभेटर टेक नेपालका सञ्चालक मोहन प्रसाद ढकालले नेपालमा गुणस्तरीय प्रविधीका एलिभेटरहरु भित्रयाउन आफुहरु लागि परेको बताए। फुजी कम्पनीले विश्वभरनै उच्च स्तरका एलिभेटरहरु बिक्री वितरण गर्दै आइरहेकाले आफुहरुले समेत त्यसलाई नेपालमा भित्रयाउने गरी एलिभेटर टेक सञ्चालनमा ल्याएको ढकालको भनाइ रहेको थियो। एलिभेटर संगै आगामी दिनमा फुजी एयर कन्डिसन एसि हरु समेत बिक्री वितरण गर्ने लक्ष्य रहेको ढकालले बताए। सो अवसरमा फुजी कम्पनीका प्रमुख पेङ र कम्पनीका बिक्री प्रमुख मेलिसाले फुजी कम्पनीका नयाँ एलिभेटरहरुको बारेमा जानकारी गराएका थिए।

# सुदूरपश्चिम रोयल्स एनपिएलको फाइनलमा

रासस
काठमाडौं, ३ पुस

जनकपुर बोल्ट्सलाई आठ विकेटले पराजित गर्दै सुदूरपश्चिम रोयल्स नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेट प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ।

कीर्तिपुरस्थित त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा एक सय ४० रनको विजयी लक्ष्य पच्छाएको सुदुरपश्चिम रोयल्सले १८ दशमलव तीन ओभरमा दुई विकेट गुमाएर एक सय ४१ रन बनाउँदै लक्ष्य पूरा गरेको हो।

सुदुरपश्चिमका लागि विनोद भण्डारीले सर्वाधिक ५८ रनको योगदान दिए। उनले ५५ बल खेल्दा तीन चौका र तीन छक्का प्रहार गरे। त्यस्तै कप्तान दीपेन्द्र सिंह ऐरीले अविजित २० रन बनाए। उनले १६ बल खेल्दै एक चौका र एक छक्का प्रहार गरे। त्यसैगरी सैफ जैबले २१ बलमा तीन चौका र दुई छक्काको सहयोगमा ३२ रन बनाए। ब्रेण्डन मक्मूलनले १९ बलमा एक चौका र एक छक्काको सहयोगमा २५ रन जोडे। बलिङ्तर्फ जनकपुरका ललित राजवंशी र किशोर महतोले समान एक एक विकेट लिए। त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको जनकपुरले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर एक सय ३९ रनको योगफल बनाएको थियो। जनकपुरका लागि जिमी नीशमले २३ बल खेल्दै तीन चौका र तीन छक्काको मद्दतमा सर्वाधिक ४५ रन बनाए। त्यस्तै शुभ कंसाकारले २४ बलमा २६ रन जोडे। लाहिरू मिलन्था र हर्ष ठोकरले समान १२/१२ रन जोडे भने आसिफ शेख र अरनिको यादवले समान ११/११ रन बनाए। बलिङतर्फ सुदूरपश्चिमका कप्तान दीपेन्द्र सिंह ऐरीले तीन विकेट लिए भने सैफ जैबले दुई विकेट लिए। त्यस्तै स्कट कुगेलेइन र अविनाश बोहराले समान एक/एक विकेट लिए। लिग चरणको खेलमा पनि सुदूरपश्चिमले जनकपुरलाई पराजित गरेको थियो।

# धवलागिरिमा 'दीर्घरोगीसँग अध्यक्ष' कार्यक्रम

पोखरापत्र संवाददाता
म्याग्दी, ३ पुस

धवलागिरि गाउँपालिकाले सञ्चालन गरेको 'दीर्घरोगीसँग अध्यक्ष' कार्यक्रमबाट आठ सय जनाभन्दा बढी लाभान्वित भएका छन्। नसर्ने रोग पहिचान र उनीहरूको उपचारमा पहुँच बढाउने तथा जनचेतना अभिवृद्धिका लागि गाउँपालिकाको स्वास्थ्य शाखाले गत मङ्सिर २५ गते ताकमबाट सुरु गरेको कार्यक्रम मङ्गलबार मल्कवाङ्मा समापन गरिएको छ।


धवलागिरि गाउँपालिकाका स्वास्थ्य शाखा संयोजक सम्झना खाती कार्कीका अनुसार सातवटा वडामा एक-एक दिनका दरले सञ्चालन गरिएको कार्यक्रममार्फत आठ सय १६ जना विभिन्न रोगका बिरामीले सेवा पाएका छन्। ताकममा एक सय छ, मुदीमा एक सय २५, मुनामा एक सय १५, लुलाङमा एक सय ३५, मराङमा एक सय १५, मल्कवाङमा एक सय १५ र गुर्जामा एक सय ३५ जनाले सेवा पाएका हुन्। धवलागिरी गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले स्वास्थ्य क्षेत्रको प्रमुख चुनौती बनेको नसर्ने रोग न्यूनीकरणका साथै उपचार सेवामा पहुँच बढाउन कार्यक्रम सञ्चालन गरेको जानकारी दिनुभयो। "भौगोलिक रूपमा विकट र दुर्गम क्षेत्रका नागरिकलाई घरदैलोमा विशेषज्ञसहितको सेवा उपलब्ध गराउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको हो", उहाँले भन्नुभयो, "प्रयोगशालाका सामग्री, उपकरण, औषधि र चिकित्सकसहितको टोली गाउँगाउँमा पुगेर सेवा दिएका छौं।" कार्यक्रममार्फत चिकित्सकसहितको टोलीले स्वास्थ्य परीक्षण, परामर्श, प्रयोगशाला र निःशुल्क औषधि वितरणसम्बन्धी सेवा प्रदान गरिएको छ। मुटु, मिर्गौला, मधुमेह, उच्चरक्तचापलगायत रोगीहरूलाई पहिचान गर्ने र उनीहरूलाई निःशुल्क औषधि वितरण गरिएको छ। बेनी अस्पतालका चिकित्सक डा रामु सापकोटा, समिर भण्डारी र रोजिना कटुवालसहितको टोलीले सेवा दिएका थिए। धवलागिरि गाउँपालिकामा सातवटा वडा छन्। सवै वडामा कार्यक्रम सञ्चालन गरिएको प्रमुख प्रशासकीय अधिकृत मोतिप्रसाद अर्यालले बताउनुभयो।

# धितो रहेको जग्गा लिलाम बढाबढ गर्ने सम्बन्धी ३५ दिने सूचना

**पहिलो पटक प्रकाशित मिति २०८१/०९/०४ (पोखरापत्र राष्ट्रिय दैनिक)**

यस फेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट तपशिलमा उल्लेखित सदस्यहरुले अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा, व्याज एवम् अन्य दै-दस्तुर रकम समयभित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नु भएको शर्त सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित प्रत्यक्ष भेटघाट गरी जानकारी गराउँदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरि आफुले तिर्नु बुझाउनु पर्ने रकम नबुझाई बसेको साथै यस भन्दा अगाडि पहिलो पटक मिति २०८१/०७/०६ मा ऋण चुक्ता गर्न आउने बारे ३५ (पैत्तिस) दिने सूचना पोखरापत्र राष्ट्रिय दैनिक, दोस्रो पटक मिति २०८१/०८/११ मा ऋण चुक्ता गर्न आउने बारे १५ (पन्ध्र) दिने सूचना पोखरापत्र राष्ट्रिय दैनिक र तेस्रो पटक मिति २०८१/०८/२७ मा ऋण चुक्ता गर्न आउने बारे ७ दिने सूचना पोखरापत्र राष्ट्रिय दैनिकबाट सूचना प्रकाशित गरी सम्पूर्ण ऋणको सावाँ, ब्याज र अन्य दै-दस्तुर चुक्ता गर्न अनुरोध गर्दा समेत आजका मितिसम्म उक्त ऋण चुक्ता नगरी बस्नु भएको हुँदा ऋणी सदस्य तथा धनजमानतले ऋण लिदाँ गरेको सम्झौता बमोजिम यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हालसम्मको साँवा ब्याज समेतको रकम दाखिला गर्नुहोला अन्यथा सूचना प्रकाशित भएको ३६औं दिन धितो जे जस्तो अवस्थामा रहेको छ सोही अवस्थामा लिलाम बिक्री गर्न लागिएको हुँदा लिलाम बढाबढ गरी लिन ईच्छुक महानुभवहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। धितो जमानत दिनुहुने ऋणी तथा व्यक्तिगत जमानत समेतलाई सुरक्षणमा रहेको धितो लिलाम बिक्री गरिने बारेको जानकारी यसै सूचनाद्धारा गराइन्छ। धितो लेखिदिएको सम्पति लिलाम बिक्री गर्दा यस संस्थाबाट गरिएको मुल्याङ्कन रकम भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई संस्थाले कम मूल्यमा लिलाम बिक्री गर्‍यो भनी कही कतै उजुर बाजुर गर्न पाउनु हुने छैन। साथै सुरक्षणमा रहेको सम्पति लिलाम बिक्री गर्दा पनि संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा सहकारी ऐन २०७४, नियमावली २०७५, संस्थाको विनियम २०७२, ऋण नीति २०७९ तथा प्रचलित कानुन बमोजिम ऋणी स्वयम् र व्यक्तिगत धन जमानत कर्ताहरुको एवम् निजहरुको एकाघरको समेतको नाममा रहेको अन्य चल अचल सम्पतिहरुबाट धितोले नखामेको वक्यौता ऋण रकम असुलउपर गरिने छ। उल्लेखित मितिमा बोलपत्र एवम् लिलाम बढाबढ हुन नसकेमा संस्था आफैले पनि उक्त धितो सकार गिरलिन सकिनेछ।

**तपसिल**

| ऋणीको फोटो | ऋणी सदस्यको विवरण | जमानीको फोटो | धनजमानीको विवरण |
|---|---|---|---|
|  | सदस्यता न : १४९५<br>१. **नाम** : **लिला गुरुङ**<br>जन्म मिति : २०३७।०८।०५<br>ना.प्र.नं. : ३८२६७<br>जारी मितिः : २०६३।०६।२४<br>बाबुको नाम : लाल बहादुर गुरुङ<br>पतिको नाम : कुल प्रसाद गुरुङ<br>बाजे/ससुरा : गन्दसिं गुरुङ<br>ठेगाना : सानोश्री ०५ बर्दिया<br>हाल : पोखरा १४ कास्की<br>सम्पर्क नं : ९८०३५८०२९८<br>**धितो विवरण** : लिला गुरुङको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्की छिनेडाडाँ वडा न. ०४ कित्ता नं. ५१९०, ३०८५ क्षेत्रफल ०-१-२-३, ०-१-२-१ रोपनी |  | १. **नाम** : **कुल प्रसाद गुरुङ**<br>जन्म मिति : २०२६।१२।२१<br>ना.प्र.नं. : ३३४७<br>जारी मिति : २०४५।०७।१५<br>बाबुको नाम : गन्दसिं गुरुङ<br>बाजे/ससुरा : रन बहादुर गुरुङ<br>ठेगाना : सानोश्री ०५ बर्दिया<br>हाल : पोखरा १४ कास्की<br>सम्पर्क नं : ९८०६६९९०२६ |

**लिलाम बिक्री तथा बोलपत्र सम्बन्धी अन्य शर्त बन्देजहरु :**

१. लिलाममा अन्तिम पटक सबैभन्दा बढी रकम कबोल गर्ने वा बोलपत्रमा आफूले लेखेको वा बोलेको अंकको १० प्रतिशतले हुने रकम सोही दिन कार्यालय समयमा वा निर्णय हुँदा कार्यालय समय समाप्त भएमा सो दिनको भोलिपल्ट यस संस्थामा बुझाउनु पर्ने छ।
२. लिलाम सकार गर्ने ब्यक्तिले सहकारी संस्थाबाट लिलाम निश्चितताको सूचना पाएको ७ दिनभित्र बाँकी रकम बुझाई अचल सम्पति बुझि लिनु पर्ने छ। नलिएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत भई संस्थाको आम्दानी हिसाबमा बाधिने छ।
३. उल्लेखित सम्पती लिइसकेपछि सो को सम्पूर्ण जवाफदेही स्वयम् खरिदकर्ताको हुने छ। धनी संस्थासँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाइने छैन।
४. लिलाम सकार गर्ने ब्यक्तिले सकार गरेको मूल्यको १० प्रतिशत रकम सोहि दिन वा सो को भोलीपल्ट नबुझाएमा निज पछि सबै भन्दा बढि रकम बोल्ने ब्यक्तिको नाममा लिलाम सदर गरिनेछ।
५. तोकिएको दिन बिदा परेमा सोको भोलिपल्ट लिलाम बढाबढ गर्ने काम हुनेछ।
६. लिलाम बढाबढ गर्दा सबै भन्दा बढि अंक बोल्ने ब्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने लिलाम गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
७. लिलाम बिक्री हुने सम्पत्तिको सम्बन्धित कागजपत्रहरु हेर्न चाहनु हुने महानुभावहरुले यस संस्थाको प्रधान कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ। उक्त सम्पत्ती जहाँ जे जस्तो अवस्थामा र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नु पर्ने छ।
८. सूचना प्रकाशित भएको मितिले ३६ औं दिन संस्थाको प्रधान कार्यलयमा दिनको ठिक ३ बजे लिलाम बढाबढ हुनेछ।
९. धितो लिलाम सकार गर्न संस्थाबाट रु १०००/ तिरी लिलाम फारम रित पूर्वक भरि संस्थामा बुझाउनु पर्ने छ।
१०. उक्त लिलाममा राखेको सम्पतीको स्वामित्व हस्तान्त्रण गर्दा लाग्ने नेपालसरकारको दस्तुर रजिष्ट्रेसन दस्तुर सम्पती कर स्थानीय कर र धारा विजुलीको शुल्क (बाँकी वक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्ने छ।
११. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्च ऋणी स्वंमले ब्यहोर्नु पर्नेछ।
१२. सहकारी ऐन, संस्थको विनियम तथा ऋण लगानी तथा असुली नीति अनुसार लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी यस संस्थाले उक्त सम्पतिको स्वामित्व आफूले लिन सक्नेछ।
१३. संस्थामा सुरक्षण स्वरुप रहेको धितोबाट सम्पूर्ण ऋण असुल उपर नभएमा ऋणी तथा धन जमानीको नाममा रहेको अन्य चल अचल सम्पति घर घरानाबाट समेत असुल उपर गरिनेछ साथै निजको एकाघरको नाममा रहेको चल अचल सम्पति रोक्का राखी सोबाट समेत असुल उपर गरिनेछ।
१४. अन्य सर्तहरु बोलपत्र वा लिलाम बढाबढ फारममा उल्लेख गरे बमोजिम हुनेछ साथै अन्य बिषयहरुमा सहकारी ऐन २०७४ अनुसार बनेका नियमावली, संस्थाको विनियमको अधिनमा रही सञ्चालक समितिको निर्णय अनुसार हुनेछ।
१५. बोलपत्र सदर बदर हुनु अगाबै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्ध गरी धरौटी रकम फिर्ता दिइने छ। धरौटी रहेको रकम फिर्ता गर्नुपर्दा ब्याज प्रदान गरीने छैन।

**फेवा बचत तथा ऋण सहकारी संस्था लि.**
**प्रधान कार्यालयः पोखरा-५, जिरो कि. मि.**
**फोनः ०६१-५७३३७५, ५७२२३६**

**गण्डकी प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**
**पोखरा**

# प्रविधि हस्तान्तरण सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८१/०९/०४**

यस कार्यालयको स्विकृत वार्षिक कार्यक्रम अन्तर्गत सञ्चालित उद्योग प्रवर्धनका लागि साझेदारीमा उद्यमीहरुलाई उपयुक्त प्रविधि हस्तान्तरण कार्यक्रमका लागि यस कार्यालयमा दर्ता भई सञ्चालनमा रहेका उद्योगहरुले देहायका कागजजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालयबाट प्राप्त हुने निवेदन भरी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरीएको छ। म्याद नाघि आएको र रित नपुगेको प्रस्तावलाई उक्त कार्यक्रममा समावेश नगरिने व्यहोरा समेत जानकारी गराइन्छ।

**सम्लग्न गर्नुपर्ने कागजजातहरु**

- नविकरण अद्यावधिक रहेको उद्योग दर्ताको प्रमाणपत्रको प्रतिलिपी।
- PAN/VAT दर्ताको प्रतिलिपी र कर चुक्ता (०८०/०८१) प्रमाणपत्रको प्रतिलिपी।
- उद्यमीले लिएको उद्योगसँग सम्बन्धित तालिमको प्रमाणपत्रको प्रतिलिपी।
- पछिल्ला तिन आर्थिक वर्षहरुमा कुनै पनि सरकारी निकायवाट प्रविधि नलिएको स्वः घोषणापत्र।
- उद्योगवाट रोजगारी पाएका व्यक्तिहरुको नियुक्ति/सम्झौता लगायतका कागजजातहरुका प्रतिलिपी।
- बैदेशिक रोजगारीबाट फर्कीएर उद्योग सञ्चालन गरेकाको हकमा सो व्यहोरा प्रमाणित गर्ने कागजात।
- उद्योगको व्यवसायिक योजना।
- माग गरेको प्रविधिको कोटेशन।

**पर्यटन तथा उद्योग कार्यालय, कास्की**